# जलश्रोत उपयोग तथा मुहान दर्ता सम्बन्धी कार्यविधि-२०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०६/२२

## माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा,पाल्पा,लुम्बिनी

Email: mathagadhimun@gmail.com,

# माथागढी गाउँपालिका जलश्रोत उपयोग तथा मुहान दर्ता सम्वन्धी कार्यविधि, २०८०

कार्यपालिका बैठकबाट स्वीकृत मिति :२०८०।०६।२२

**प्रस्तावना :**

माथागढी गाउँपालिका भित्रको भूमिगत वा भू-सतहमा रहेको जलश्रोतको समुचित उपयोग,संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलश्रोतलाई प्रदुषणमुक्त राखी प्रयोग गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ (१) अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (प) ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम **माथागढी गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(ग) यो कार्यविधि माथागढी गाउँपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"कार्यविधि"** भन्नाले माथागढी गाउँपालिका जलश्रोत तथा मुहानदर्ता कार्यविधि, २०८० लाई सम्झनुपर्दछ।

(ख) **"जलश्रोत"** भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेको भूमीगत, भू-सतहमा वा अन्य जुनसुकै अवस्थामा रहेका पानी सम्झनु पर्दछ ।

(ग) **"उपभोक्ता"** भन्नाले जलश्रोतसंग सम्वन्धित सेवा प्रयोग तथा उपयोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(घ) **गाउँपालिका जलश्रोत समिति"** भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ङ) **"गाउँपालिका"** भन्नाले माथागढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) **"उपभोक्ता संस्था"** भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, संस्था सम्झनु पर्छ ।

(छ) **"अध्यक्ष"** भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) **"दर्ता प्रमाण पत्र"** भन्नाले दफा ७ बमोजिम दिइने प्रमाण पत्र सम्झनु पर्छ ।

(ञ) **"जलश्रोत उपयोग अनुमति पत्र"** भन्नाले दफा १४ बमोजिम दिइने अनुमति पत्र सम्झनु पर्छ ।

(ट) **"सर्भेक्षण"** भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण,वातावरणीय प्रभाव मूल्याङ्कन,डिजाइन र त्यसका लागि गरिने अन्वेषण सम्वन्धि कार्य सम्झनुपर्छ ।

(ठ) **"सेवा शूल्क"** भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा संस्थाले उपलब्ध गराएको जलश्रोतसंग सम्वन्धित सेवा उपभोग गरेवापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ ।

३. जलश्रोतको स्वामित्व : गाउँपालिका भित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहित रहने छ ।

४. जलश्रोत उपयोग : यस कार्यविधि बमोजिम माथागढी गाउँपालिका जलश्रोत समितिमा दर्ता एवं अनुमति पत्र प्राप्त गरेपछि मात्र उपयोग गर्नु पर्नेछ ।

अध्यक्ष

## माथागढी गाउँपालिका जलश्रोत उपयोग तथा मुहान दर्ता सम्वन्धी कार्यविधि, २०८०

कार्यपालिका बैठकबाट स्वीकृत मिति :२०८०।०६।२२

**प्रस्तावना :**

माथागढी गाउँपालिका भित्रको भूमिगत वा भू-सतहमा रहेको जलश्रोतको समुचित उपयोग,संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदुषणमुक्त गर्दा प्रयोग गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ (१) अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (प) ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम **माथागढी गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(ग) यो कार्यविधि माथागढी गाउँपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले माथागढी गाउँपालिका जलश्रोत तथा मुहानदर्ता कार्यविधि, २०८० लाई सम्झनुपर्दछ।

(ख) **"जलश्रोत"** भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेको भूमीगत, भू-सतहमा वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ग) "**उपभोक्ता**" भन्नाले जलश्रोतसग सम्बन्धित सेवा प्रयोग तथा उपयोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(घ) **गाउँपालिका जलश्रोत समिति"** भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ङ) "**गाउँपालिका**" भन्नाले माथागढी गाउँपालिकालाइ सम्झनु पर्दछ ।

(च) **"उपभोक्ता संस्था"** भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, संस्था सम्झनु पर्छ ।

(छ) "**अध्यक्ष**" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) **"दर्ता प्रमाण पत्र"** भन्नाले दफा ७ बमोजिम दिइने प्रमाण पत्र सम्झनु पर्छ ।

(ञ) **"जलश्रोत उपयोग अनुमति पत्र"** भन्नाले दफा १४ बमोजिम दिइने अनुमति पत्र सम्झनु पर्छ ।

(ट) **"सर्भेक्षण"** भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण,वातावरणीय प्रभाव मूल्याङ्कन,डिजाइन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धि कार्य सम्झनुपर्छ ।

(ठ) "**सेवा शूल्क**" भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा संस्थाले उपलब्ध गराएको जलश्रोतसंग सम्बन्धित सेवा उपभोग गरेवापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ ।

३. जलश्रोतको स्वामित्व : गाउँपालिका भित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहित रहने छ ।

४. जलश्रोत उपयोग : यस कार्यविधि बमोजिम माथागढी गाउँपालिका जलश्रोत समितिमा दर्ता एवं अनुमति पत्र प्राप्त गरेपछि मात्र उपयोग गर्नु पर्नेछ ।

अध्यक्ष

परिच्छेद-२

## उपभोक्ता संस्था

५. **जल उपभोक्ता संस्थाको गठन** : (१) सामूहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले समितिमा ३३ प्रतिशत महिला पदाधिकारी तथा सदस्य रहने गरी ७ जना देखि बढीमा ११ जना भएको उपभोक्ता संस्था समिति गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताले अनुसूची-१ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र एकसय रुपैया दस्तुर सहित माथागढी गाउँपालिका जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

६. **विधानमा खुलाउनु पर्ने विवरणहरु** : दफा ५.२ बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछ -

(क) संस्थाको पुरा नाम र ठेगाना, (ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क, (घ) सदस्यको निस्कासन र राजीनामा,

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन, (च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार),

(ज) संचालक पदमा बहाल रहन नसक्ने अवस्था, (झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण, (ट) विधान संशोधन,

(ठ) विघटन, (ड) विविध ।

७. **दर्ता र प्रमाण-पत्र** : (१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर माथागढी गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी दर्ता शुल्क बापत अनुसूची-७ मा उल्लेखित शुल्क लिई अनुसूची-२ बमोजिमको ढाँचामा गाउँपालिकाले उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा माथागढी गाउँपालिका जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त पेश गरेको मितिले ३० दिन भित्र सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछन् ।

८. **विधान संशोधन** : उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्न परेमा विधानको प्रक्रिया पुरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा माथागढी गाउँपालिका जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

९. **जलश्रोत समितिको गठन** : (१) गाउँपालिका भित्र रहेको जलश्रोतको उपयोग तथा नियमन गर्नको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि माथागढी गाउँपालिका जलश्रोत समिति रहनेछ ।

(२) माथागढी गाउँपालिका जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन् :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) जलश्रोत दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष - सदस्य

(ग) गाउँकार्यपालिका कार्यालयको प्राविधिक शाखा प्रमुख - सदस्य

(घ) अध्यक्षले तोकेको गाउँकार्यपालिका सदस्य (१जना महिला सहित २जना) - सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) आवश्यकता अनुसार डिभिजन सिंचाई डिभिजन बन कार्यालयका प्रमुख तथा अधिकृत प्रतिनिधि आमन्त्रित गर्न सकिने छ ।

१० **जलश्रोत समितिको बैठक र कार्यविधि** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

अध्यक्ष

(२) **बैठकको अध्यक्षता** : समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(३) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३
## जलश्रोत उपयोग सम्बन्धी व्यवस्था

११. **जलश्रोत उपयोगको अनुमति पत्रको लागि दरखास्त दिने** : जलश्रोत उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्बन्धित देहायको विवरणहरु खुलाई माथागढी गाउँपालिका जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(क) परियोजना विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत, परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम,थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।)

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत) ।

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजना निर्माणका लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लागत) ।

(ङ) वातावरणीय प्रभाव विश्लेषण : (परियोजनाले वातावरणमा पार्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पुरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय उपभोक्तालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ).

(च) अन्य आवश्यक कुराहरु ।

१२. **दरखास्त उपर जाँचवुझ** : (१) दफा ११ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचवुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचवुझ दर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले ३० दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाइ दरखास्त परेको मिति मानिनेछ ।

१३. **सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने** : (१) दफा ११ बमोजिम जलश्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त परे पछि माथागढी गाउँपालिका जलश्रोत समितिले दफा १२ बमोजिम आवश्यक जाँचवुझ गरी तत सम्बन्धी विवरणहरु खुलाई जानकारीको लागि १५ दिन सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

१४. **अनुमति पत्र दिने** : दफा ११ बमोजिम परेको दरखास्त उपर दफा १२ र १३ बमोजिम कार्यविधि पुरा गरी गराइ माथागढी गाउँपालिका जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलश्रोतको उपयोग खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्था सम्बन्धी अनुमति पत्र दिनु पर्नेछ ।

१५. **जलश्रोत उपयोगको सर्भेक्षण अनुमतिपत्रको दरखास्त दिने** :- (१) जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्बन्धित तपसिलका विवरण खुलाई स्थानीय जलश्रोत समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

अध्यक्ष

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य संरचना देखिने)

(ग) पानीको श्रोत र उपयोग गर्ने उपभोक्ताहरुको संख्या र किसिम

(घ) परियोजनाबाट लाभान्वित हुने जनसंख्या

(ङ) सर्भेक्षण गरिने जलश्रोतको क्षेत्र

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत र समय अवधि (सर्भेक्षण र सञ्चालनको लागि)

(छ) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्र दिनु पर्नेछ । यसरी अनुमति पत्र प्राप्त गरेको व्यक्तिले सर्भेक्षणको काम समाप्त गरेको मितिले ३० दिन भित्र माथागढी गाउँपालिका जलश्रोत समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१६. **जलश्रोत माथि अधिकार कायम हुने** : यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थालाई अनुमति पत्रमा उल्लेख भए बमोजिम सोही अनुमति पत्रमा तोकिएको स्थान र क्षेत्र सम्मको जलश्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

१७. **वार्षिक रुपमा नविकरण गर्नु पर्ने** : (१) कार्यविधि प्रारम्भ हुनु अगावै देखि जलश्रोत दर्ता नगरी उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा ११ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले १ वर्ष भित्र जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-२ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्कालीन प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भैरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम नविकरण गराउनु पर्नेछ । नविकरण प्रयोजनको लागि गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१८. **अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिका जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर माथागढी गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

१९. **अनुमति पत्र/नविकरण दस्तुर** : यो कार्यविधि बमोजिमको जलश्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्रको लागि दरखास्त दिंदा तथा अनुमति लिदा र नविकरण गर्दा अनुसूची-७ मा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

२०. **उपभोक्ता समिति/संस्थाको सम्पत्ति** : (१) उपभोक्ता समिति संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई उपभोक्ता समिति संस्थालाई फिर्ता लिई बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले गा.पा.मा न्यायिक समिति समक्ष उजुर गर्न सक्नेछ । न्यायिक समितिको फैसलामा चित्त नबुझेमा प्रचलित कानुन बमोजिमको समयावधीभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(३) उपभोक्ता समिति संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले उपभोक्ता समिति संस्थाको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिराम गरेमा उपभोक्ता समिति संस्था वा उपभोक्ता समिति संस्थाको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

२१. **उपभोक्ता समिति/संस्थाको उद्धेश्यहरुमा हेरफेर** : (१) उपभोक्ता समिति संस्थाको उद्धेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो उपभोक्ता समिति संस्थालाई कुनै अर्को उपभोक्ता समिति संस्थामा गाभ्न उचित देखेमा सो उपभोक्ता समिति संस्थाले तत् सम्बन्धि प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न उपभोक्ता समिति संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

अध्यक्ष

(२) साधारण सभामा कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

२२. उपभोक्ता समिति संस्थाको वर्गीकरण :-अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समिति संस्थाको वर्गीकरण हुनेछ ।

(१) ५०० जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

(२) २०० देखि ५०० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

(३) २०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

२३. संघ गठन गर्न सकिने : दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख,सहयोग र समन्वयमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

## परिच्छेद-४
## सेवा शूल्क सम्बन्धी

२४. वार्षिक शुल्क : अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलश्रोत उपलब्ध गराएवापत गाउँपालिकालाई जलश्रोत समितिले तोके बमोजिमको वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

२५. सेवा शुल्क निर्धारण गर्न सक्ने : (१) जलश्रोत उपयोगको सेवा शुल्क निर्धारण माथागढी गाउँपालिका जलश्रोत समितिले निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

२६. **सेवा शूल्क बुझाउनु पर्ने** : जलश्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरे वापत माथागढी गाउँपालिका जलश्रोत समितिले तोके बमोजिमको सेवा शूल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

## परिच्छेद -५
## विविध

२७. **निर्देशन दिने** : गाउँपालिकाले उपभोक्ता समिति संस्था तथा संगठित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति संस्थाको कर्तव्य हुनेछ ।

२८. **दण्ड सजाय** : यस कार्यविधि कार्यान्वयन हुनु भन्दा अगाडी देखि उपभोक्ता समिति संस्था सञ्चालन भएको भएमा दफा ७ बमोजिम ६ महिना भित्र अनिवार्य रुपमा मूल दर्ता गर्नुपर्नेछ अन्याथा जलस्रोत समितिले जरिवाना समेत गर्न सक्नेछ ।

(२) दफा २१ बमोजिम गाउँपालिकाको स्वीकृति नलिई उपभोक्ता समिति संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसंग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेजी प्रकृयाको लागि जलश्रोत समितिमा पेश गर्न सक्नेछ ।

२९. उपभोक्ता समिति संस्थाको विघटन वा त्यसको परिणाम : (१) उपभोक्ता समिति संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो उपभोक्ता समिति संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

३०. **नियम बनाउने अधिकार** : यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

३१. **गाउँपालिकाले निर्देशन दिन सक्ने** : गाउँपालिकाले जलश्रोत उपयोग सम्बन्धमा माथागढी जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु माथागढी गाउँपालिका जलश्रोत समितिको कर्तव्य हुनेछ ।

अध्यक्ष

३२. **खारेजी वा बचाउ** : (१) संघ तथा लुम्बिनी प्रदेशबाट जलश्रोत सम्बन्धी ऐन, नियमावली तथा कार्यविधि निर्माण गरेमा तथा निर्देशन भएमा सोही बमोजिम हुनेछ ।

(२) यो कार्यविधि लागू हुनु पूर्व जलश्रोत ऐन, २०४९ अन्तंगत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

(३) यस कार्यविधिमा उल्लेखित बिषयवस्तुहरु प्रचलित ऐन नियमसंग बाँझिएमा उक्त दफा स्वतः खारेज भई प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

३३. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकतानुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

अध्यक्ष

अनुसूची - १
(दफा ५ को उपदफा (२) बमोजिम)
**निवेदनको ढाँचा**

श्री अध्यक्ष ज्यू,
माथागढी गाउँपालिका जलश्रोत समिति, माथागढी, पाल्पा ।

मिति :२०८० /  /

बिषय :- **खानेपानी उपभोक्ता संस्था/मुल दर्ता सम्वन्धमा ।**

महोदय,
हामीले . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको दुई प्रति बिधान र जलश्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं. . . बाट रु. १००।-(एकसय रुपैया) दस्तुर सहित दरखास्त दिएका छौं ।

**बिवरण** :
१. उपभोक्ता संस्थाको नाम, ठेगाना :
२. कार्य क्षेत्र :
३. उद्देश्यहरु :
४. उपभोक्ता समितिका पदाधिकारी/सदस्यहरुको विवरण

| सि.नं. | नाम, थर | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

५. उपभोग गरिने जलश्रोतको बिवरण :
(क) जलश्रोतको नाम र रहेको ठाउ :
(ख) जलश्रोतबाट गरिने प्रयोग :
(ग) उपभोक्ता संस्थाले प्रयोग गर्न चाहेको जलश्रोतको परिमाण :
(घ) उक्त जलश्रोतको हाल भैरहेको उपभोग :
६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्वन्धी बिवरण :
(क) सेवाको किसिम :
(ख) सेवा पुऱ्याउने क्षेत्र :
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
(घ) भविष्यमा सेवा बिस्तार गर्न सकिने सम्भावना :
७. आर्थिक श्रोतको विवरण :-
केन्द्र/प्रदेश/स्थानीय सरकार : गै.स.स. : जनसहभागिता :
८. कार्यालयको ठेगाना :

निवेदक
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :
नाम,थर :
पद :

अनुसूची - २
(दफा ७ को उपदफा (१) संग सम्बन्धित)
माथागढी गाउँपालिका जलश्रोत समिति
झडेवा, पाल्पा

आ. व. :
दर्ता नं. :

दर्ता मिति :

## जलश्रोत उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

श्री ...........................................
...........................................

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ (थ) तथा माथागढी गाउँपालिका जलश्रोत कार्यविधि, २०८० को दफा ७ को उपदफा (१) बमोजिम जलश्रोत समितिको मिति .................. को निर्णयानुसार ..................................... उपभोक्ता समिति संस्था यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ । माथागढी जलश्रोत कार्यविधि, २०८० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला ।

प्रमाणपत्र जारी गर्नेको-
दस्तखत :
नाम,थर :
पद :
मिति :

### नविकरण (रिन्यूवल)प्रयोजनार्थ

| नविकरण गरिदिने कार्यालयको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | दस्तुर बुझाएको रसिद नं. मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अध्यक्ष

अनुसूची -३

(दफा १५ उपदफा (१) सग सम्वन्धित)

## जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्रको लागि निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यू,

माथागढी जलश्रोत समिति,

माथागढी गाउँपालिकाको कार्यालय झडेवा, पाल्पा ।

विषय : जलश्रोत प्रयोगको सर्भेक्षण अनुमति पत्र सम्वन्धमा ।

माथागढी गाउँपालिका वडा नं ...... मा रहेको ........................ जलश्रोत उपयोगको निमित्त सर्भेक्षण गर्नको लागि अनुमति पत्र पाउन जलश्रोत कार्यविधिको दफा ..... बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम, ठेगाना :
२. उद्देश्य :
३. सर्भेक्षण गर्ने क्षेत्र :
४. सर्भेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. :
५. सर्भेक्षण गर्ने अवधि :
६. अन्य विवरणहरु : जलश्रोत कार्यविधि, २०७७ बमोजिम उल्लेखि व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको-

अध्यक्ष

नाम, थर :

पद :

सही :

मिति :

अनुसूची - ४
(दफा को १५ उपदफा (३) संग सम्बन्धित)
माथागढी गाउँपालिकाको कार्यालय
जलश्रोत समिति, पाल्पा

लुम्बिनी प्रदेश

जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्र ।

अनुमति पत्र संख्या :

मिति :

श्री ...............

महाशय,

तपाइलाई जलश्रोत उपयोगको सर्भेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस माथागढी जलश्रोत कार्यविधि बमोजिम अनुमति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम, ठेगाना :

२. जलश्रोत सर्भेक्षणको उद्देश्य :

३. जलश्रोत सर्भेक्षणको क्षेत्र :

४. अनुमति पत्र बहाल रहने अवधि :

अनुमति पत्र दिने अधिकारीको

सही :

नाम,थर :

पद :

मिति :

अनुसूची - ५
(परिच्छेद-३ को दफा ११ संग सम्बन्धित)

## जलश्रोत उपयोगको अनुमति पत्रको लागि निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यु,
........ जलश्रोत समिति
माथागढी गाउँपालिका, पाल्पा ।

विषय :- जलश्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

जलश्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन मुहान दर्ता सम्बन्धी जलश्रोत कार्यविधि, २०८० को दफा १२ बमोजिम देहायका विवरणहरु समेत खुलाइ यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा सगठित संस्थाको नाम, ठेगाना :
२. उद्देश्य :
३. उपयोग गर्ने खोजेको जलश्रोतको परिमाण र प्रयोजन :
४. प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउ :
५. जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउको क्षेत्रफल :
६. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सख्या :
७. जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोत :
८. जलश्रोत उपयोग गर्ने तरिका :
९. जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :
१०. अन्य विवरणहरु :

माथि उल्लेखित व्यहोरा ठिक साँचो हुन, झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

सगठित संस्था भए सो संस्थाको छाप

व्यक्ति वा सगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :
नाम,थर :
पद :
सम्पर्क नम्बर :
मिति :

अनुसूची -३
(परिच्छेद-३ को दफा (१४) संग सम्बन्धित)

**जलश्रोतको उपयोगको अनुमति पत्र**

अनुमति पत्र संख्या : मिति :

श्री ..............................
..............................

महाशय,

तपाइलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली मुहान दर्ता तथा जलश्रोत कार्यविधि, २०८० को दफा (१४) बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ।

१ व्यक्ति वा संगठित संस्थाको नाम, ठेगाना :

२ जलश्रोत उपयोगको उद्देश्य :

३ उपयोग गर्न खोजेको जलश्रोतको नाम- किसिम : रहेको स्थान :

४ उपयोग गर्न पाउने जलश्रोत परिमाण :

५ उपयोग गर्ने क्षेत्र :

६ जलश्रोत उपयोग गर्ने तरिका :

७ प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

८ अनुमति पत्र बहाल रहने अवधि :

अध्यक्ष

अनुमति पत्र दिने अधिकारीको

सही :

नाम,थर :

पद :

मिति :

अनुसूची -७

## जलश्रोत उपयोगको अनुमतिपत्र नविकरण दस्तुर

| सि नं. | जलश्रोत उपयोगको किसिम | निवेदन दस्तुर रकम रु. | दर्ता अनुमति दस्तुर रकम रु | नविकरण दस्तुर (प्रत्येक वर्ष आश्विन मसान्त सम्म) रकम रु. | आश्विन भन्दा पछि थप दस्तुर प्रति वर्ष |
|---|---|---|---|---|---|
| १. | खानेपानी मुहान दर्ता (खाने पानी प्रयोजनको लागि) | रु. १००।- | रु. ७००।- | रु. ३५०।- | रु. ३५०।- |
| २. | सिंचाई | रु. १००।- | रु. १,०००।- | रु. ५००।- | रु. ५००।- |
| ३. | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु. १००।- | रु. १,०००। | रु. ५००।- | रु. ५००।- |
| ४. | औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु. १००।- | रु. १,५००।- | रु. ५००।- | रु. ५००।- |
| ५. | जल यातायात | रु. १००।- | रु. ५,०००।- | रु. २,५००।- | रु. २,५००।- |
| ६. | अन्य (साना लघु जलविद्युत आयोजना) प्रयोजन | रु. १००।- | रु. ५,०००।- | रु. २,५००।- | रु. २,५००।- |

## खानेपानी उपभोक्ता संस्था/समिति दर्ता गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. भेलाबाट समिति गठन गरेको माईनट बुकको निर्णय प्रतिलिपी ।
२. विधान २ (दुई) प्रति ।
३. समितिका पदाधिकारीहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
४. वडा कार्यालयको सिफारिस (मुलामा विवाद नभएको र चौकिल्ला खुलेको) पत्र ।
५. मुल रहेको स्थान/जग्गाको नक्शा एक प्रति ।
६. व्यक्तिको जग्गामा मुल रहेको भए सम्वन्धित जग्गाधनीको सहमति/मञ्जुरीनामा पत्र ।
७. उपभोक्ता संस्था/समिति दर्ता गरी पाउ" भन्ने व्यहोराको निवेदन ।

अध्यक्ष